

KindyLinQ

# जन्म देखि ३.५ वर्षका बच्चाहरू र उनीहरूका परिवारहरूका लागि रमाइलो, निःशुल्क, समावेशी खेल र सिक्ने सत्रहरू

KindyLinQ एक खेल - आधारित निः शुल्क कार्यक्रम हो जुन खेल समुह (प्लेग्रुप) ढाँचामा उपलब्ध गरिन्छ जुन परिवार र बच्चाहरू किन्डरगार्टन जानु भन्दा अघिका प्रारम्भिक वर्षहरूमा जान सक्छन् ।

यो कार्यक्रम KindyLinQ कर्मचारीको नेतृत्वमा चल्छ र परिवारहरूलाई बच्चाहरूसँग बस्न र सँगै रमाईला प्रारम्भिक सिकाइ अनुभवहरूमा भाग लिनको लागि सुरक्षित, स्वागत गर्ने ठाउँ प्रदान गर्दछ ।

यो कार्यक्रम स्कूल सत्रको अवधिमा चल्छ ।

यसमा सहभागिता स्वैच्छिक हो र परिवारहरू सधैं आफ्नो बच्चा/बच्चाहरूसँग आउन सक्छन् ।

स्थान अनुसार कार्यक्रमको दिन र समय फरक हुन्छन् ।

KindyLinQ सत्रहरू प्रारम्भिक वर्ष सिकाइ फ्रेमवर्क सहित प्रमाणमा आधारित कार्यक्रमहरू र अभ्यासहरूमा आधारित छन् ।

## बच्चाहरू र परिवारहरूको लागि लाभहरू

बालबालिकाले विकास गर्न र सिक्न आवश्यक वातावरण स्थापना गर्न परिवारहरूले सबैभन्दा महत्त्वपूर्ण भूमिका खेल्छन् ।

KindyLinQ ले घरमा आफ्नो बच्चाको सिकाइलाई सहयोग गर्न परिवारहरूलाई मार्गदर्शन प्रदान गर्दछ ।

यस कार्यक्रमले किन्डरगार्टन सुरु गर्नु अघि प्रारम्भिक वर्षहरूमा बच्चाहरूको सिकाइ, विकास र संलग्नतालाई सहयोग गर्दछ ।

KindyLinQ को अनौपचारिक, परिवार केन्द्रित प्रकृतिले परिवारहरूलाई शैक्षिक वातावरणमा शिक्षकहरूसँग अन्तर्क्रिया गर्न सहज बनाउन मद्दत गर्दछ ।

यस कार्यक्रमले घर, विद्यालय, प्रारम्भिक बाल्यकाल सेवाहरू र परिवारहरूको समुदाय बीच बलियो र सहयोगी सम्बन्ध बनाउँछ ।

## खेलको माध्यमबाट सिकाइ

KindyLinQ एक सहज प्लेग्रुप मोडेलमा आधारित छ ।

KindyLinQ मा बच्चाहरूले हेरचाह गर्ने वयस्कको सहयोग र मार्गदर्शनमा व्यावहारिक अनुभवहरूबाट सिक्छन् ।

बच्चाहरूले अहिले र भविष्यमा उनीहरूलाई सहयोग गर्ने सीपहरू सिक्नेछन् जसमा समाजीकरण, उनीहरूको भावनाहरू व्यवस्थापन गर्ने र उनीहरूको विचार र आवश्यकताहरू प्रभावकारी रूपमा सञ्चार गर्न सक्ने सुनिश्चित गर्न भाषा सीपहरू विकास गर्ने लगायतका कुराहरू समावेश छन् ।

KindyLinQ ले अनुमोदित किन्डरगार्टेन प्रदायकहरूसँग परिवारहरूलाई जोड्न पनि मद्दत गर्दछ ।

प्रारम्भिक बाल्यकाल शिक्षा र हेरचाह वेबसाइटमा KindyLinQ उपलब्ध गर्ने स्थानहरूको पूर्ण सूची हेर्नुहोस् र आफ्नो स्थान सुरक्षित गर्नुहोस् ।